जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४०

म.नि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४१ अंक १३ २०७९ साल कात्तिक २० गते आइतवार (6 Nov 2022 Sunday) मूल्य रु. ७/-

## डेंगीबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** स्वास्थ्य क्षेत्रमा काम गर्ने भन्दा ... **पृष्ठ ३ मा :** स्वार्थमा जेलिएको ... **पृष्ठ ४ मा :** चुनावमा सदरमत बढाउन ... **पृष्ठ ५ मा :** अदालतबाट आश्वासन ...

# जसपाको प्रतिबद्धतापत्रमा संविधान संशोधन, परिमार्जन तथा पुनर्लेखन




**राजविराज**/जनता समाजवादी पार्टी नेपालले मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा चुनावका लागि आफ्नो प्रतिबद्धता पत्र शनिबार काठमाडौंमा सार्वजनिक गरेको छ।

प्रतिबद्धता पत्रमा पार्टीले संविधान संशोधन, परिमार्जन तथा पुनर्लेखनको आवश्यकता औंल्याएको छ। पहिचान र सामर्थ्यको आधारमा राज्य पुनर्संरचना, शासकीय स्वरूप, निर्वाचन प्रणाली तथा न्याय प्रणालीमा परिवर्तन आवश्यक रहेको जिकिर गरेको हो।

पार्टीले प्रतिबद्धता पत्रमा समानुपातिक निर्वाचन प्रणालीको आधारमा सबै तहको निर्वाचन गर्नुपर्ने उल्लेख गरेको छ। त्यस्तै शासकीय स्वरुपमा कुनै पनि व्यक्ति दुई कार्यकालभन्दा बढी कार्यकारी प्रमुख हुन नपाउने व्यवस्था गर्ने तथा कार्यकारी राष्ट्रपतिले समावेशी रूपमा सक्षम व्यक्तिहरूको छनोट गरेर मन्त्रिपरिषद् बनाउने उल्लेख गरेको छ।

प्रतिबद्धता पत्रको प्रस्तावनामा नै काँग्रेसलाई सर्वसत्तावादीको आरोप लगाएको छ। नवउदारवादी पुँजीवादी व्यवस्थाको रक्षालाई नै आफ्नो ध्येय ठान्ने काँग्रेसको राजनीतिक चरित्र सत्ता प्राप्ति रहेको आरोप जसपाले लगाएको छ। सत्ताको बलमा शक्ति आर्जन गर्ने, शक्ति स्रोतमाथि आफ्नो आधिपत्य जमाउने र त्यो आधिपत्यका लागि राजनीतिक अस्थिरता निम्त्याई रहेको आरोप जसपाको छ।

काँग्रेसले नै संविधानलाई पूर्णता दिन कुनै पहल नगरेको आरोप जसपाले लगाएको छ। नेपालको संविधान काँग्रेस, एमाले, माओवादी केन्द्रले बहुमतको बलमा जारी गरेको दाबी गर्दै जसपाले संविधानमा ती दलहरूले पहिचान र सामर्थ्यताका आधारमा राज्य पुनर्संरचना गर्ने आफैले घोषणा गरेका तथा पहिलो संविधानसभाले पारित गरेका पुनर्संरचनाका आधारहरूलाई उल्टाएको आरोप लगाएको छ।

शासकीय स्वरूपमा परिवर्तन, संघीय संरचनाहरूको निर्माण, न्याय प्रणालीलाई संघीय स्वरूपमा पुनर्संरचना गर्न, संवैधानिक निकायलाई बलियो बनाउन, जनलोकपाल जस्ता निकायहरूको गठन गर्न, उत्पीडित समुदायको हक, अधिकार र पहिचानलाई सुनिश्चित गर्ने लगायतका कार्य गर्न संविधान संशोधन अपरिहार्य रहेको उल्लेख गर्दै जसपाले संविधान संशोधन अहिलेको मुख्य संघर्ष रहेको प्रतिबद्धतापत्रमा उल्लेख गरेको छ।

नेपालमा साम्यवादी विचारधारा, पुँजीवादी विचारधारा तथा राजतन्त्रात्मक विचारधारासहित तीन विचारधाराको पार्टी रहेको उल्लेख गर्दै जसपाले आफ्नो प्रतिबद्धतापत्रमा यी विचारधारा असफल भएको कारण जसपाले समाजवादी गणतन्त्रलाई राजनीतिक गन्तव्य बनाएको जिकिर गरिएको छ।

जसपा नेपाल र अन्य दलको बीच देशको राज्य पुनर्संरचना, शासकीय स्वरूप, व्यवस्थापकीय ढाँचा, न्यायपालिकामाथिको दृष्टिकोण, प्रदेशको सीमाङ्कन र नामाङ्कन, संघ र प्रदेशबीच क्षेत्राधिकारको बाँडफाँटलगायतमा विषयमा फरक दृष्टिकोण रहेको कुरा आफ्नो प्रतिबद्धतापत्रमा उल्लेख छ।

विकास योजनाहरू तर्जुमा गर्दा तीव्र आर्थिक वृद्धिका साथै समतामूलक समाज निर्माण गर्न जोड दिने र यसका लागि पाँच वर्ष, १० वर्ष र २५ वर्षको योजना तर्जुमा गर्ने अहिलेको प्रतिबद्धतापत्रमा उल्लेख गरेको छ। त्यस्तै, कुल गार्हस्थ उत्पादनको ५० प्रतिशत स्थिर पुँजीको रूपमा विकास गर्ने, पाँच वर्षमा निरन्तर दुई अङ्कको आर्थिक वृद्धि हासिल गर्ने र प्रति व्यक्ति आय पाँच वर्ष हजार डलर पुऱ्याउने तथा पाँच वर्षभित्र निरपेक्ष गरिबीको रेखामुनि रहेका जनतालाई गरिबीबाट मुक्त गर्ने र बहुआयामिक गरिबीको अनुपातलाई एकल अङ्कमै सीमित गर्ने प्रतिबद्धतापत्रमा उल्लेख गरिएको छ।

परम्परागत निर्वाहमुखी कृषि अर्थतन्त्रलाई आधुनिक आत्मनिर्भर औद्योगिक अर्थतन्त्रमा प्रवर्द्धन गर्न कृषिमा आधारित उद्योगको विकासलाई प्राथमिकता दिने जसपाले प्रतिबद्धतापत्रमा उल्लेख गरिएको छ।

कृषिको वैज्ञानिकीकरण, यान्त्रिकीकरण र व्यवसायीकरण गर्नुको साथै कृषि फार्महरूको विकास गरी दुई वर्षभित्र खाद्य पदार्थहरूमा आत्मनिर्भर हुने प्रतिबद्धता जसपाले जनाएको छ।

चालु सिँचाइ योजनाहरूको प्रभावकारी कार्यान्वयन गर्ने तथा पाँच वर्षभित्र सुनकोशी-कमला, भेरी-बबई, कर्णाली लगायत ठुला नदीहरूबाट पानी डाइभर्सन गरी देशैभरि सिँचाइ सुविधा पुऱ्याउने नीति लिने जसपाले प्रतिबद्धतापत्रमा उल्लेख छ। गरिबीलाई पाँच वर्षभित्र मुक्त गर्ने प्रतिबद्धता जनाएको छ।

जसपाले पाँच वर्षभित्र निरपेक्ष गरिबीको रेखामुनि रहेका जनतालाई गरिबीबाट मुक्त गर्ने र बहुआयामिक गरिबीको अनुपातलाई एक अङ्कमै सीमित गर्ने प्रतिबद्धता जनाएको छ।

एक गाउँ, एक उत्पादनको नीति लागु गरी कृषि उत्पादन बढाउनुको साथै पालिकाभर कृषिबाली बिमा अभियान सञ्चालन गरी प्रकोपजन्य अवस्थाबाट हुने बाली नोक्सानीको सोध भर्नाको प्रबन्ध गरिने जसपाको

*बाँकी दुई पृष्ठमा*

# राजविराजमा १५ शैयाको आँखा अस्पताल संचालन




**राजविराज**/राजविराजमा शनिवार अत्याधुनिक प्रविधि र सुविधासहितको पन्ध्र शैय्याको सगरमाथा आँखा अस्पताल प्रा.लि. संचालनमा आएको छ।

*बाँकी दुई पृष्ठमा*

# डा. रन्जित झासँग निर्वाचन आयोगले माग्यो स्पष्टिकरण

**काठमाडौं**/निर्वाचन आयोगले रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानका कार्यकारी निर्देशक डा. रञ्जित कुमार झालाई २४ घण्टाभित्र स्पष्टीकरण पेश गर्न निर्देशन दिएको छ।

डा. झाले सप्तरी जिल्ला क्षेत्र नं. २ बाट प्रतिनिधि सभा सदस्यका उम्मेदवार उपेन्द्र यादव प्रचारप्रसार गरेको देखिएको आयोगले जनाएको छ।

स्पष्टीकरणमा भनिएको छ, 'उल्लिखित सन्दर्भमा तपाईंले दलका उम्मेदवारको प्रचारप्रसारमा संलग्न हुनुभएको कार्यले निर्वाचन आचारसंहिता,२०७९ र प्रचलित सार्वजनिक सेवा सम्बन्धी कानून समेतको उल्लंघन हुन्छ, हुँदैन ? तपाईंबाट उक्त कार्य भएको भए किन कानून बमोजिम कारवाही हुनु नपर्ने हो ?'



स्पष्टीकरणमा आयोगको पत्र प्राप्त भएको समयले २४ घण्टाभित्र निर्वाचन आयोगमा स्वयं उपस्थित भई वा आयोगको इमेल ठेगाना ecn.ppm@election.gov.np मा प्राप्त हुने गरी लिखित स्पष्टीकरण पेश गर्न निर्देशन दिइएको छ।

यसअघि आयोगले राजविराज नगरपालिकाका अधिकृत मनोज कुमार यादवलाई पनि उपेन्द्र यादवको चुनाव प्रसारमा संलग्न रहेको भन्दै स्पष्टिकरण मागेको थियो।

निर्वाचन आचारसंहिता,२०७९ को दफा ७ को खण्ड (क) अनुसार नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गतका निकाय, अर्धसरकारी तथा सार्वजनिक संस्था र सोमा कार्यरत कर्मचारीले कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न हुँदैन भन्ने व्यवस्था छ।

**विज्ञापन व्यवसायलाई पारदर्शी बनाऔं**

- विज्ञापनको रकम भुक्तानी गर्दा तोकिएको स्थान, समय र अवधिमा प्रकाशन वा प्रसारण गरेको यकिन गरेर मात्र भुक्तानी गर्ने गरौं।
- सञ्चारमाध्यमले जारी गरेको बिजक र एजेन्सी कमिसन खुल्ने बिजकको आधारमा मात्र विज्ञापन प्रकाशन तथा प्रसारणको भुक्तानी गरौं।
- सम्झौताको आधारमा कारोबार भएको भए सम्झौतामा तोकिएको अवधिमा र कार्यदिशको आधारमा कारोबार भएको भए विज्ञापनदाताले विज्ञापन एजेन्सीलाई एक महिनाभित्र र विज्ञापन एजेन्सीले सञ्चारमाध्यमलाई दुई महिनाभित्र भुक्तानी गरौं।
- समयमा भुक्तानी प्राप्त नभए विज्ञापन बोर्डमा उजुरी गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# जिर्ण सडकको निर्माणतर्फ ध्यान पुगोस्

लामो समयदेखी राजविराजस्थित नेता चौकदेखी पश्चिम सिरहा रोड अन्तरगत राम मन्दिरसम्मको जिर्ण सडकको निर्माण हुन सकिरहेको छैन् । सो सडक निर्माणका लागि स्थानियहरुले पटक पटक आन्दोलन गरे पनि आश्वासन बाहेक केही पाएनन् । नगरको सम्पूर्ण मुख्य सडकहरुको निर्माण काम सम्पन्न भएपनि सो सडक वर्षौंदेखी जिर्ण नै रहेको छ । यो सडक खण्ड छिन्नमस्ता भगवती मन्दिर तथा हुलाकी सडक जोड्ने मुख्य मार्ग पनि हो । तर, ठेकेदार कम्पनीको लापरवाही र स्थानिय निकायको हेलचक्राईका कारण बन्न सकेको छैन् ।

यस्तै जिल्लाको विभिन्न स्थानहरुमा निर्माण भइरहेका सडकहरुको काम अझै सम्पन्न हुन सकेको छैन् । सडकसहित नालाको काम निर्माण सुरु भएको दुई वर्ष भन्दा बढी समय भइसकेको छ । तर, अझै सम्पन्न हुन सकेको छैन् । बाटो खाल्डोखुल्डो तथा नालाहरु खुल्ला रहेकोले दुर्घटना निम्तिन सक्ने सम्भावना बढेको छ । राजविराज नगरपालिकाको विभिन्न वडाका अधुरो, जिर्ण तथा नयाँ सडकको निर्माण कार्यले केही दिनदेखी तिब्रता पाएपनि पुनः सुस्त भएको छ । जसमध्ये केही सडक निर्माण कार्यले तिब्रता पाएपनि अधिकांश सडकहरुको निर्माण कार्य बीचमै अडकिएको छ । ती सडकहरुको दशा पहिले भन्दा पनि झनै खराब भएको छ । मानिसहरुलाई हिडडुल गर्न समस्या भइरहेको छ भने सडक अहिले धुलोमय बनेको छ । हावाहुरीको यस महिनामा सडकको धुलो घरहरुमा प्रवेश गर्नुका साथै मानिसको स्वास्थ्यमा समेत प्रभाव पारिरहेको छ । यतिमात्र नभएर सवारीसाधन गुडाउन समेत समस्या परेको छ । नाला निर्माण कार्य पनि रोकिएको छ । जसले गर्दा घरको पानी बाहिर बगिरहेको छ । यसले सडक फोहर र दुर्घन्धित बनेको छ । यसरी सडक निर्माण कार्यको नाममा झनै बिग्रिएको छ । समयमा निर्माण कम्पनीले निर्माण कार्य सम्पन्न गर्न नसक्दा स्थानियहरुले सास्ती व्यहोर्नु परिरहेको छ ।

तसर्थ यस्ता सडकहरुको निर्माणप्रति सरोकारवाला निकायले गम्भिरतापूवर्क प्राथमिकतामा राखेर अग्रसर हुनु आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# स्वास्थ्य क्षेत्रमा काम गर्ने भन्दा तथ्यांक खेलाउनेहरुको भिड

**गजेन्द्रबहादुर विष्ट**

नेपालको स्वास्थ्य क्षेत्रको विकास हेर्ने हो भने धेरै भएको छैन तर तुलनात्मक रुपमा स्वास्थ्य क्षेत्रमा आमुल परिवर्तन भएको देखिन्छ । हाम्रा नीति निर्माताहरुले नेपालको स्वास्थ्य प्रणलिलाई विश्वका अन्य मुलुकहरुको स्वास्थ्य सेवा प्रणली नीति, रणनिती र पूर्व अभ्यासहरु जस्ताको त्यस्तै लागु गर्ने गरेको देखिन्छ । धेरै कुरा मानव स्वास्थ्यमा हानि नोक्सानी गर्ने जिवाणु र रोग एउटै भएता पनि कतिपय कुराहरु देश, भौगोलिक अवस्था, जनघन्त्व, जलवायु अनुकुलन, खाद्य उत्पादन, खाद्य बस्तुको उपभोग, मौसम हावापानि र पेशाका कारण रोगको प्रकृति फरक हुन्छ । एउटै प्रकृतिका रोगहरुको पनि रोग निदान गर्ने तरिका र उपचार गर्ने प्रणाली फरक हुन जान्छ भन्ने कुराको ख्यालै नगरी विश्वका ति मुलुकहरुले अप्नाएको स्वास्थ्य प्रणाली, रोग निदान प्रकृया,उपचार पद्यति, नीति र रणनीती लादेको देखिन्छ । विदेशीहरुले आफू अनुकुल बनाएको स्वास्थ्य प्रणलीलाई हाम्रो देशको ग्रामिण भेगमा कार्यान्वयन गर्दा असफल भइरहेको छ । नीति योजना निर्माण तहमा कहिले पनि स्वास्थ्य नीति र रणनैतिक योजना बनाउँदा समुदायमा कार्यरत स्वास्थयकर्मीहरुको र कार्यान्वन गर्ने निकायको सल्लाह र सुझाव मागेको देखिँदैन ।

बरु अन्य मुलुकमा स्वास्थ्य सूचना प्रणालीका वेबसाइटहरुको प्रयोग गरिएको देखिन्छ । हाम्रा विज्ञहरु धेरैजसो विदेश पढेर आउँछन जुन देशमा पढेको हो त्यो देशको स्वास्थ्य प्रणाली, स्वास्थ्य समस्या, प्रयोगात्कमक अभ्यासहरु र स्वास्थ्य संरचना नीतिहरु र त्यो देशको स्वास्थ्यको रोडम्याप कण्ठ गरेर उपाधि हातमा थमाई नेपाल फर्कन्छन र नेपाल फर्के पछि नेपालको स्वास्थ्य समस्याको बस्तुगत अध्ययन नै नगरि लामो समयसम्म समुदायमा काम गरिरहेका स्वास्थ्यकर्मीहरुलाई बेवास्तागरी अन्य देशको जस्ताको त्यस्तै विषयबस्तु, लक्ष्य, नीति, रणनीति र रोड म्याप रटान गर्न लाउछन जसको कारण हाम्रो समुदाय सित मेल नखाने रणनीति अबलम्बन गरी समुदायमा काम गर्न खोज्दा औजार, उपकारण, दक्ष जनशक्ति भौतिक संरचना भौगोलिक अवस्थाको कारणले कार्यन्वयन पक्ष फितलो भई जनताले पाउनुपर्ने गुण्स्तरीय स्वास्थ्य सेवाहरु प्रदान गर्न सकिरहेका छैनौं । संघीय व्यवस्थाले स्वास्थ्य क्षेत्र तहस नहस भएको होइन हाम्रो बुझाइ गलत हो । हिजोका दिनमा हालीमुहाली गरेर राज गरेकाहरुलाई अपठयारो परेर व्यवस्था खारेज गर्न रातदिन लागिरेका छन् । देश संघीयतामा गएपछिका केही स्वास्थ्य सुचाङ्कहरु बढदो क्रममा पनि छन् तर हामी स्वास्थ्य चौकीमा काम गर्ने स्वास्थ्यकर्मी सहरी स्वास्थ्य केन्द्रमा जना चाहेको छैनन् । जिल्लामा काम गर्ने स्वास्थ्यकर्मी स्थानीय तहमा जना मान्दैन, प्रदेशमा काम गर्ने स्वास्थ्यकर्मी जिल्लामा काम गर्न जान मान्दैन । विभाग र मन्त्रालयमा कामग र्ने स्वास्थ्यकर्मी प्रदेशमा जान मानिरहेका छैनन् । दक्ष स्वास्थ्यकर्मी समुदायमा सेवा दिन आवश्यक छन बिडम्बना ति दक्षहरु तथ्याङ्क खेलाउने काममा मात्र सिमित छन् । अनि समुदायमा स्वास्थ्य सेवाबाट बञ्चीत गराउने काम संघीयताले गर्‍यो कि तपाई हामीले गरिरहेका छौं । एक चौटी गहन अध्ययन गनुपर्छ । एक दुई जनाको स्वार्थको कारणले संघीयतामा स्वास्थ्य धरापमा परेको भन्ने हल्ला पिटिएकोछ ।

कागले कान लग्यो भन्दैमा कागको पछ्याडी हामि लाग्ने हैन कान छाम्न तिर गयौं भने बल्ल हामि भोलीका दिनामा दुख पाउदैनौं । हाम्रा हिजोका स्वास्थ्यका विज्ञ नीति निर्माताहरुको स्वास्थ्य प्रणली र संरचनाको कारणले हामिले अहिलेसम्म दुख भोगीरहेका छौं । विदेशमा राज्यको राज्यको ढुकुटि सकेर विज्ञता हासिलको उपाधि त पायौं तर देशको स्वास्थ्य नीति लिएर नेपालमा आयौं कहिले पनि स्वास्थ्य संरचना हाम्रो देशको अनुरुप बनाउन सकेनौ। अझ फेरि पुरानै शैलीमा अहिलेका विज्ञ नीति निर्माताहरुले जाने हो भने हामिले प्राप्त गर्न खोजेको र आशा गरेको स्वास्थ्यको सकारात्मक सुचाङ्कमामा प्रगति होला भन्न सकिन्न । स्वास्थ्यकर्मीहरु बिचको तालमेल भएन भन्ने कैयौं टिकाटिप्पणी पटक पटक आइरहेको देखिन्छ । स्वास्थ्य प्रणली निर्माणमा सहभागी भएका ब्यक्तिहरुको दोहोरो चरित्रको कारणले गर्दा यस्तो भएको छ । देश संघीयतामा गई सकेपछि स्वास्थ्य कार्यालयले गर्ने काम सबै पालिकाले गर्नुपर्नेछ भन्ने थाहा हुँदाहुँदै जिल्ला स्वास्थ्य कार्यालयमा काम गर्ने सुपरभाइजरहरु कोही पनि पालिकामा खटाइएन । पालिकामा खटाउँदा सम्बन्धित स्थानीय तहको स्वास्थ्य चौकमिा काम गरिरहेकलााई खटाइयो र कसैले सहयोग गरेन । अहिले पनि तीन तहको सरकारमा ३ वटा स को खुबै रटान गरिन्छ । ब्यबहारमा तपाईं हामीले भोगीरहेको तितो यर्थाथ अर्कै छ ।

प्रायजसो पालिकामा जनस्वास्थ्य अधिकृतको दरबन्दी छ । समायोजनमा जन स्वास्थ्य अधिकृतहरुले स्थानीय तह रोज्ने कुरै भएन अहिले संघ र प्रदेशमा फाजिलमा समेत बसेका छन् । पालिका जन स्वास्थ्य अधिकृतबिहिन छन् । माग गर्दा समायोजनमा नरोजेकालाई पठाउने कुरै भएन । स्थानीय तहमा सुरुदेखि नीति निमार्णमा संलग्न स्वास्थ्यकर्मी खटाउने प्रयास नै गरिएन । खटाएकाहरु पनि जान मानेनन् र खटिएका पनि आफ्नो सिटमा सुरक्षित गरी पुर्नबहाली भए । किनकी केन्द्रमा बसेर तथाङ्क खेलाएर बस्न जस्तो सजिलो छैन भन्ने थाहा छ । समुदायमा स्वास्थ्य सेवा प्रदान गर्न दक्ष सेवा प्रदायक बढी आवश्यक्ता पर्छ भनेर थाहा हुँदाहुँदै राजनैतिक शक्तिको आडमा तथ्याङ्क खेलाएर पुरस्कृत हुनेको संख्या धेरै छ । जसको कारणले वास्तविक सेवा प्रदायक दिक्क छन् । काम गरेर भन्दा तथ्याङ्क खेलाएर पुरस्कृत हुँदोरहेछन् भन्ने भ्रम सृजना हुँदैछ । एक जनाले गरेको कामको औषतमा साझेदार संस्थाहरु लगायत १० जनाले तथ्याङ्क खेलाएर आफ्नो रोटी सेक्ने काम गरिरहेका छन् ।

संघीयतामा स्वाथ्य क्षेत्र तहस नहस भयो भन्नेहरु एकै मात्र स्वार्थ हो आफ्नो पुराने सिट र कुर्सीमा फर्केर राज गर्न चाहान्छन् । जनतालाई सेवा दिने पक्षमा छैनन् । ग्रामीण क्षेत्रमा हामी पुरानै अनुहार काम गरिरहेका छौं । एकाध बाहेक संघीयतामा स्वास्थ्य तहस नहस भयो भनेर हामी ग्रामीण क्षेत्रका स्वास्थयकर्मीहरुले कहिलै भनेको छैनौं । किनकी केही आमुख व्यक्तिको झिनो स्वार्थका कारणले व्यवस्थामाथि दोष लागउन कसैले नि चुक्नु हुँदैन । स्वास्थ्य सेवामा स्वास्थ्य सेवा प्रदायक भन्दा तथ्यांक खेलाएर बस्नेहरुको भिड छ । तर पनि तथ्याक सुधार भईरहेको छैन । स्वास्थ्य सेवाका विज्ञहरु स्वास्थ्य सेवा दिन छोडेर प्रशासनिक चिठीपत्र लेख्ने र सामान खरिद गर्नमा ब्यस्त छन । उता जनताले विज्ञको अनुहार समेत देखेको छैन । तपाईं हामी संघीयतालाई दोष थोपरिरहेका छौं । स्वास्थ्य खबरबाट

## जसपाको प्रतिबद्धता ...

प्रतिबद्धतापत्रमा उल्लेख छ ।

दुई वर्षभित्र कृषि विकासका लागि नेपालमा रासायनिक मल कारखाना खोल्ने उल्लेख गर्दै जसपाले पाँच वर्षभित्र सुनकोशी-कमला, भेरी-बबई, कर्णाली लगायत ठुला नदीहरूबाट पानी डाइभर्सन गरी देशैभरि सिँचाई सुविधा पुर्‍याउने प्रतिबद्धता जनाएको छ । त्यस्तै, दुई वा दुई भन्दा किसानको संलग्नतामा चक्लाबन्दी गरी सहकारी खेती गर्ने किसानलाई राज्यले प्रोत्साहित गर्ने पनि जसपाले प्रतिबद्धता जनाएको छ ।

स्थायी लेखा (प्यान) मा आधारित कारोबारको थ्रेसहोल्ड २० लाखबाट ५० लाख रुपियाँ पुर्‍याउने र साना व्यापारी व्यवसायीहरूको लेखा प्रणाली तथा व्यवसाय नवीकरणलाई सहज र सरल बनाउने प्रतिबद्धतापत्रमा जसपाले उल्लेख गरेको छ । पाँच वर्षभित्र ऊर्जा शक्तिमा आत्मनिर्भर हुने नीति अवलम्बन गरी जलविद्युतलाई निर्यातको मुख्य उत्पादन बनाई आगामी पाँच वर्षमा १० हजार मेगावाट विद्युत् उत्पादन गर्ने जसपाले जनाएको छ ।

गरिबीको रेखामुनि रहेका जनतालाई घरेलु खपतमा निःशुल्क ऊर्जा सुविधा उपलब्ध गराउनुको साथै विद्युतीय सुरक्षाका लागि सहर बजारमा प्रवाहित हुने सम्पूर्ण विद्युत् प्रसारण लाइन भूमिगत रूपमा जडान गर्ने जसपाको प्रतिबद्धतापत्रमा उल्लेख छ । देशभित्रै रोजगारी सृजना गर्नका लागि सहरी क्षेत्रमा रोजगार बैंकको स्थापना र शिक्षित बेरोजगारलाई शैक्षिक प्रमाणपत्र धितो राखी स्वरोजगार व्यवसाय गर्न प्रोत्साहित गर्नुको साथै जसपाले बेरोजगार नागरिकलाई भत्ताको व्यवस्था गर्ने प्रतिबद्धता पत्रमा उल्लेख गरिएको छ ।

वर्तमान पूर्व पश्चिम लोकमार्गलाई स्तरोन्नति गरी चार लेन बनाउने र काठमाडौंको रिङरोगलाई पाँच वर्षभित्र साइकल लेनको समेत व्यवस्था गरी ८ लेनको बनाउने जसपाले जनाएको छ । चीनसँग जोडिएको केरुङ नाकाबाट भारत जोड्ने उत्तर दक्षिण रेल मार्ग तथा देशको पश्चिमी भेगमा भारत-चीनसँग व्यापारिक सम्बन्ध जोड्ने मुस्ताङ र डोल्पा नाकासम्म लोकमार्ग निर्माण गर्ने जसपाले जनाएको छ ।

काठमाडौंका चन्द्रागिरिदेखि धुलिखेलसम्मका आसपासका नगरपालिकाहरूलाई समेटी मेट्रो रेल सञ्चालन गर्ने उल्लेख गर्दै जसपाले अबका पाँच वर्षभित्र आधारभूत रूपमा १२ कक्षासम्मको शिक्षा पूर्णतया निःशुल्क गर्ने र गरिब, विपन्न तथा न्यून आय भएका परिवारका विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागि राज्यले विशेष छात्रवृत्तिको व्यवस्था गरिने जसपाले प्रतिबद्धता जनाएको छ । प्रत्येक पालिका तहमा वरिष्ठ फिजिसियनसहितको चिकित्सकीय दरबन्दी कायम गरी २५ शय्याको सुविधा सम्पन्न अस्पताल सञ्चालन गर्ने जसपाले जनाएको छ ।

## राजविराजमा १५ ...

उक्त अस्पतालको राजविराज नगरपालिकाकी कार्यवाहक प्रमुख ईसरव प्रवीणले उद्घाटन गरेकी छिन् । सो अवसरमा उनले अत्याधुनिक प्रविधिसहित पूर्ण स्वचालित उपकरण र विशेषज्ञहरुको टोलीबाट एकै थलोमा आँखा सम्बन्धि सबै खाले रोगको उपचार सेवा उपलब्ध हुनु यस भेगका जनताका लागि अति खुशीको कुरा भएको बताइन ।

सो अवसरमा अस्पतालका प्रबन्धक अफाक अनवरले अस्पतालमा आँखा सम्बन्धि सबै खाले रोगको विशेषज्ञ चिकित्सक टोली तथा प्रविधियुक्त मेसिनबाट सस्तो र स्तरीय उपचार सेवा प्रदान गरिने जानकारी दिएका छन् । भिजन परिक्षण, मोतियाबिन्दु, जलबिन्दु, कोर्नियल अल्सर, मेडिकल रेटिना, अकुल प्लाष्टि, आँखाको नानी प्रत्यारोपन देखि आँखाको जटिल प्रकृतिका सबैखाले शल्यक्रिया र रोगको उपचार यस अस्पतालमा गरिने उनले बताए ।

उनले अस्पतालमा विराटनगर आँखा अस्पतालका पुर्व निर्देशक तथा वरिष्ठ नेत्र रोग विशेषज्ञ डा. संजय कुमार सिंह, तिलगंगा आँखा प्रतिष्ठान काठमाडौंका वरिष्ठ नेत्र रोग विशेषज्ञ डा. रोहित सैजु र डा. गोविन्द पौडेल सहितको चिकित्सक टोलीले नियमित उपचार सेवा प्रदान गर्ने जानकारी दिए ।

आफुले विगत एक दशकदेखि बिराटनगर र काठमाडौंस्थित विभिन्न आँखा अस्पतालमा यही पेशा अँगालेको अनुभवले यस्तो आट गरेको उनको भनाई छ ।

अस्पतालले नेत्र विशेषज्ञको अभावलाई पूर्ति गर्न नेपाल तथा भारतको नेत्र चिकित्सकको लागि फेलोसिप प्रोग्राम तथा पारामेडिकलका लागि प्राथमिक लेभलको ‘आँखा स्वास्थ्य कार्यकर्ता’ जस्ता छोटो अवधिको तालिमहरु संचालन गरेर जनशक्ति उत्पदानमा जोड दिने गुरुयोजना समेत तयार पारेको जनाएको छ । राजविराजमै यति ठूलो लगानी र प्रविधिबाट संचालनमा आएको यो पहिलो अस्पताल भएको संचालकको दावी छ ।

अधिकांश नागरिक स्वास्थ्य उपचारका लागि धरान, विराटनगर तथा छिमेकी राष्ट्र भारतको विभिन्न सहरमा पुग्ने गरेका छन् । तर यस अस्पताल संचालनमा आएपछि अन्यन्त्र जानु पर्ने राजविराज र आसपासका नागरिकको समस्या अब टरेको छ ।

# स्वार्थमा जेलिएको राजनीति

**राजेन्द्र किराती**

नेपाली राष्ट्रिय राजनीतिमा सिद्धान्त, विचार, दृष्टिकोण, एजेण्डा, मूल्य मान्यता, विधि र पद्धति नराम्ररी खस्किदै गएको छ । यो पार्टी, गुट, नेता वा व्यक्ति केन्द्रित स्वार्थको गोलचक्करमा रुम्मलिरहेको छ । यहाँ स्वार्थैस्वार्थको सञ्जाल, जन्जाल र भ्रमजालमा विवेक, मूल्य, विधि, प्रक्रिया र आम मान्यता जेलिएको छ ।

भनाइमा मात्र मुलुक र जनताको हित र गराइमा आफ्नै आत्मकेन्द्रीत स्वार्थ भन्दा बाहिर देखिँदैन राजनीतिको लगाम । सिंगो समाज नै निकृष्ट स्वार्थको चौघेराबाट बाहिर आउन सकेको छैन । अझ राजनीति झनै विकृत, भ्रष्ट, आपराधिक र व्यक्तिवादी स्वार्थको चक्रव्यूहमा फस्दै गइरहेको छ । यसरी समाजको नेतृत्व गर्ने मुल राजनीति नै विकृति र असंगतिको चंगुलमा फस्दै गएपछि त्यसबाट निर्देशित वा नियन्त्रित अर्थराजनीतिक समाजको चरित्र विवेकशील बन्न सक्दैन ।

वस्तुतः कुनै पनि निश्चित विचार, सिद्धान्त, दृष्टिकोण र उद्देश्यसँगै आन्दोलनको प्रक्रियामै राजनैतिक दल जन्मने गर्दछ । यो सार्वभौम नियम हो । तर राजनैतिक परिदृष्यलाई नियाल्दा राजनैतिक दलहरुसँग निश्चित सिद्धान्त,दृष्टिकोण र उद्देश्य देखिदैन । उनीहरुमा जसरी पनि चुनाव जित्नुबाहेक अर्को मिशन छैन, जुन हाम्रो राजनीतिको दूर्भाग्य र विडम्वनापूर्ण पक्ष हो ।

यता जसरी पनि चुनाव जित्ने पछिल्लो हर्कत झनै अनौठो र अस्वाभाविक छ । उनीहरु विचार मिल्ने नमिल्ने सवैसँग न्युनतम् नैतिकता पनि कायम नगरी तालमेल र गठबन्धन गरेका छन् । यहाँसम्म कि, चुनाव जित्ने नाममा राजावादी र हिन्दूवादी तत्वहरुसँग पनि साँठगाँठ भएको छ । मूलतः गठवन्धन मुलुक र जनताको हितमा गर्ने हो । परिवर्तन, समानता, न्याय र उन्मुक्तिको लागि हो । साथै,उन्नत राजनैतिक शासन व्यवस्था स्थापनाको लागि हो ।

आधारभूत रुपमा वामपन्थी र दक्षिणपन्थीहरु बीचको गठबन्धन अप्राकृतिक हुन्छ । यद्यपि मुलुक र जनताको वृहत्तर हित र स्वार्थको विशिष्ट क्षणमा जो कोहीसँग पनि गर्न सकिन्छ । तर त्यस्ता मिलेमतो दलगत, समूहगत र व्यक्तिगत स्वार्थ भन्दा माथि हुनुपर्दछ । सामान्यतः पाँच दलीय गठवन्धन स्वभाविक छैन । तर मुलुक राजावादीहरुको पश्चगामी पोल्टातिर जाने विशिष्ट परिस्थितिमा भने यसलाई सही नै मान्नुपर्ने हुन्छ । यो ठोस र वाध्यात्मक परिस्थितिको उपज हो ।

यता एमालेले राजावादी र हिन्दूवादी पार्टीहरुसँग चुनावी गठवन्धन गरेको छ । यो विल्कुलै अस्वभाविक र अप्राकृतिक छ । किनभने काँग्रेस हाम्रो लोकतान्त्रिक आन्दोलनको सहयात्री पार्टी हो । तर राप्रपाहरु लोकतान्त्रिक संघर्षको सहयात्री पार्टी होइनन् । यसकारण काँग्रेस र राप्रपासँग अस्थायी सहकार्य गर्ने सवाल प्राविधिक रुपमा उस्तै जस्तो देखिए पनि राजनैतिक रुपमा नितान्त भिन्न विषय हो । त्यसैले दुवैलाई अमूर्त गोलमटोल गठवन्धन भन्नु वैचारिक दरिद्रता हुनेछ ।

यद्यपि नेपालमा जसरी पनि चुनाव जित्ने स्वार्थ भन्दा माथि उठेर गठबन्धन गरिएको छैन । यो दुःखद विडम्बना हो ।

**दृष्टिकोणहीन मन्त्री, भागशान्ति**

तात्कालीन प्रधानन्यायाधीश चोलेन्द्र शमशेरले केपी ओली प्रधानमन्त्री भएको वेला आ-आफ्नो स्वार्थगत शक्ति सन्तुलन मिलाउँदा एकजना मन्त्री पद पनि मागेका थिए । नियमतः यस्तो अस्वभाविक प्रस्ताव स्वार्थी लेनादेनाको हिसाव मिलानमा हुने गर्दछ । मन्त्री पदमा दलाली गरेको विषयलाई स्वयं चोलेन्द्रले पनि स्विकार गरिसकेका छन् ।

न्यायलयको प्रमुखले मन्त्री भागशान्ति खोज्नु इतिहासकै अद्भुत परिघटना हो । विभिन्न स्वार्थ समूहहरुसँग गठजोड गर्नु न्यायलयको वेइज्जत मात्र होइन,सिंगो न्याय क्षेत्रलाई कलङ्कित गर्नु हो । यद्यपि यो तात्कालीन प्रधानमन्त्री र प्रधानन्यायाधीश बीचको असंगत, र अस्वाभाविक र स्वार्थगत राजनैतिक दूराग्रहद्वारा निर्देशित प्रपञ्च हो ।

पछिल्लो समय नेपाली राजनीतिक सत्तामा यो वा त्यो बहाना वा नाममा राजावादीहरु घुस्न थालेको स्पष्टै छ । चोलेन्द्रलाई सवैले राजावादी भनेर चिन्दछन्,जुन घाम जत्तिकै छर्लङ्ग छ । नेपालमा सही सिद्धान्त,मूल्य र नैतिकताको राजनीतिक संस्कार छैन । यहाँ जता पट्टी पल्ला भरिन्छ वा स्वार्थ सिद्ध हुन्छ,त्यतै लाग्ने आत्मकेन्द्रीत स्वार्थी प्रवृत्ति झाँगिएको छ । यो परिवर्तन, न्याय र मुक्ति चाहनेहरुको लागि अभिशाप हो ।

प्रधानन्यायाधीशलाई महाभियोग लगाइएको छ । सिद्धान्त,दृष्टिकोण र एजेण्डाको राजनीति नहुने समाजमा महाभियोगको पक्ष विपक्षको रस्साकस्सी पनि हचुवाकै भरमा चलिरहेको छ । नेपाली समाजलाई सिद्धान्त,दृष्टिकोण र मूल्यको राजनीतिले नेतृत्व गरिरहेको भए चोलेन्द्र प्रधानन्यायाधीश नै बन्ने थिएनन् । आज नेपाली समाजलाई सिद्धान्त, एजेण्डा र मूल्यहीन राजनीतिले कव्जा गरिरहेको छ । यसको ज्वलन्त उदाहरण हो,चोलेन्द्रलाई एमाले जस्तो प्रमुख वाम शक्तिले काखी च्याप्नु । यसको पछाडि सैद्धान्तिक-वैचारिक कारण छैन । यो केवल सत्ता,शक्ति र स्वार्थको वैशाखी टेक्नको लागि अपनाइएको निर-वैचारिक र प्राविधिक औसत साँठगाँठ मात्र हो ।

**दृष्टिकोणहीन दल, अदल-वदल**

सिद्धान्त र विचारको राजनीति भएको भए आ-आपफूलाई मन परेको सिद्धान्त र विचारको पछि लाग्ने कुरा हन्थ्यो । कुन दलले वोकेको कार्यदिशा र उद्देश्य सही छ,त्यसैलाई अंगीकार गरिन्थ्यो । तर नेपालमा विचार र सिद्धान्तको कुरा शुन्य भन्दा तल छ । तब हामीले अंकमा परिणामको अपेक्षा राख्नु बनीबनाउ कल्पना मात्र हुन्छ । मूलभूत कडी विग्रिएको यहीनेर हो ।

आज नेता कार्यकताहरुले दल फेरवदल गर्दा विचार र सिद्धान्त हेर्दैनन् । उनीहरुले केवल आफू र आफ्नो समूहलाई विना परिश्रम र लगानी छिटो-मीठो तरिकाले लाभको पदमा पुऱ्याउने नजरबाट मात्र नापतौल गर्ने गलत प्रवृत्ति बढेको छ । अर्थात् जति नै पश्चगामी, राजावादी, हिन्दूवादी, भ्रष्ट, अपराधी र फटाहा नै भएपनि लपनछपनको सहारामा केही सिट हात लाग्ने समूह भए उनीहरुलाई काफी हुन्छ । मुद्दा मिल्नु पर्दैन, पद र प्रतिष्ठा मिले हुन्छ ।

मधेसमा अनुदार छवि वनाएको पार्टी एमालेमा मधेसकेन्द्रित दल जसपा प्रवेश गर्नु मुद्धाहरुको दृष्टिमा असंगत कुरा हो । तर उनीहरुले आफ्नो स्वार्थको खुटकिलो चढ्ने संभाव्य भऱ्याङ एमालेलाई ठानेपछि प्रवेश स्वाभाविक भइदिन्छ ।

**दृष्टिकोणहीन स्वतन्त्र उम्मेदवारी**

सिद्धान्त, विचार, दृष्टिकोण, मुल्य र नैतिकताको राजनीति भएको भए सोहीअनुरुप ध्रुवीकरण हुनेथियो । जसलाई जे मन लाग्यो,त्यही गर्ने अनि जता मन लाग्यो,त्यतै जाँदा पनि स्वार्थको ढडिया थाप्न मिल्ने भएपछि सिद्धान्तद्वारा निर्देशित संघर्षको राजनीतिमा खडेरी लाग्नु स्वभाविक हुन्छ । आज दृष्टिकोण र मुल्यको राजनीतिमा ठूलो खडेरी लागेको छ । स्वार्थी चलखेल र आत्मकेन्द्रीत उठवस भने हराभरा भइरहेको छ ।

यस्तो वस्तुगत धरातलमा निश्चित विचार र सिद्धान्तमा नबाँधिएका, लामो जीवन-मरणको संघर्ष वा आन्दोलन नगरेका अनि राजनीतिलाई ऐतिहासिक आन्दोलनको निरन्तर प्रक्रियाको रुपमा नवुझ्नेहरु पनि सामाजिक अभियन्ता र स्वतन्त्रको रुपमा सोझो वाटोबाट चुनावी स्वार्थको आँगनमा पुग्न लालायित हुन्छन् । यद्यपि उनीहरुलाई पनि राजनैतिक आन्दोलनहरुले नै राजनीति हामी पनि गर्न सक्छौं भन्ने सोंच विकास गराएको तथ्य भुल्नै हुँदैन । उनीहरु भुँइफुट्टा होइनन् ।

सामन्य अर्थमा यसलाई नागरिकको मौलिक अधिकार भनेर परिभाषित गर्न सकिन्छ । यो जो कसैको अधिकार पनि हो । तर राजनैतिक आन्दोलनको ऐतिहासिक प्रक्रियाको दृष्टिबाट हेर्ने हो भने यो सहज बाटोबाट वा विना लगानी चाँडै लाभको पदमा पुग्ने निरपेक्ष लोभीपापी मनोविज्ञानद्वारा निर्देशित चरम् स्वार्थगत हर्कत नै हो ।

यद्यपि स्वतन्त्रहरुलाई धेरै भन्नु केही छैन । वस्तुतः हाम्रो राष्ट्रिय राजनीतिमा सिद्धान्त,दृष्टिकोण,मूल्य र नैतिकता हराउँदै जानु नै स्वतन्त्र र सामाजिक अभियन्ताहरुमा एकाएक स्वार्थी वा लोभीपापी महत्वाकाङ्क्षा जाग्नु हो । यसमा उनीहरुलाई निरपेक्ष दोष दिनु मिल्दैन ।

**राष्ट्रपतिको दृष्टिकोणहीन कदम**

एमाले अध्यक्ष केपी ओलीको नेतृत्वमा वनेको अघिल्लो सरकारले अध्यादेश मार्फत यस्तै नागरिकता विधेयक पेश गरेको थियो । यसलाई १ मिनेट पनि ढिलो नगरी रातको १२ वजे राष्ट्रपतिले पारित गरेको दृष्टान्त ताजै छ । यही विधेयकलाई देउवा सरकारले पुनः प्रमाणीकरणको लागि पठायो । राष्ट्रपतिले पुनरविचारको लागि भन्दै फिर्ता पठाइन् । सरकारले दास्रो चोटी सवै संवैधानिक प्रक्रियाहरु पुऱ्याएर पुनः प्रमाणिकरणको लागि पेश गऱ्यो । तर प्रमाणीकरण भएन । यसले संवैधानिक तथा संसदीय सर्वोच्चताको खिल्ली उडाउने काम भयो । राष्ट्रपतिले संविधानको सारभूत मर्म र भावनामाथि घात गरेको भन्दै चौतर्फी आलोचना भयो ।

यद्यपि राष्ट्रपतिलाई पनि सही र गलत छुट्याउने नागरिक अधिकार छ । तर संविधानको प्रावधानहरु पनि कागजको खोस्टा र कुनै अमूक पार्टी वा समुदाय विशेषको स्वार्थको दस्तावेज मात्र थिएन ।

गहिराईबाट हेर्दा राष्ट्रपतिको पछिल्लो कदममा मुलुक र आम जनताको स्वार्थ भन्दा कुनै अमूक पार्टी,समूह,नेता वा व्यक्तिको स्वार्थ प्रष्टै देखियो । यसो गर्नु भनेको सिद्धान्त,विचार,मुल्यमान्यता,विधि र संवैधानिक प्रक्रियालाई नजरअन्दाज गर्नु हो । आफ्नो निहीत स्वार्थ सिद्धीमा संविधान,कानुन र मूल्यमान्यतालाई कैद गर्नु हो । यसले कसैको स्वार्थमा इटा थपेपनि उन्नत राजनैतिक संस्कार, सँस्कृति र थितिमा भने दूरगामी नकरात्मक प्रभाव पुऱ्याउनेछ । अहिले सत्ता गठबन्धनले यही नागरिकता विधेयक पास नभएको प्रसंगलाई चुनावी मुद्दा बनाएको छ ।

**निश्कर्ष**

त्यसैले, राजनीतिमा जति सिद्धान्त, दृष्टिकोण, मुल्य र नैतिकता ह्रास हुँदै जान्छ,ास त्यति नै भद्रगोल र अव्यवस्थाले घर गर्दछ । विचार र एजेण्डाहीनतासँगै संविधान, ऐन-कानुन, विधि, प्रक्रिया र आम स्थापित मूल्य-मान्यतामाथि अराजकताले नेतृत्व गर्दछ ।

तसर्थ अझै दृष्टिकोणको राजनीति नअपनाउने हो भने हाम्रो अर्थराजनीति झनै अस्तव्यस्त, अन्यौल, सङ्कटपूर्ण, वेथिति र असंगतपूर्ण हुनेछ । त्यतिखेर सिद्धान्त, दृष्टिकोण, मूल्य, नैतिकता, विधि र प्रक्रिया केही पनि जीवित रहनेछैन । हामीसँग केवल अराजकता, अन्यौलता र अस्तव्यस्तताद्वारा निर्देशित भिडभाड् मात्र वाँकी रहनेछ ।

यसले अग्रगमन-पश्चगमन, सही-गलत, न्याय-अन्याय, जनपक्षीय-जनविरोधी, नैतिक-अनैतिक अनि विवेक-अविवेकको लक्ष्मण रेखा देख्दैन । उल्टै सवै उस्तैको विभ्रम पैदा गरीदिन्छ, तब मुलुक महाभद्रगोल-गन्जागोल, महापतन र महाअसफलताको दुश्चक्रमा फस्नेछ । यसकारण दृष्टिकोणहीन संस्कृतिविरुद्ध सवै जाग्न जरुरी छ । रातोपाटीबाट


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने व्यक्तिको आफ्नो व्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# चुनावमा सदरमत बढाउन मतदाता शिक्षा : आयोग

**काठमाडौँ**/निर्वाचन आयोगले आगामी मङ्सिर ४ गते हुने निर्वाचनमा सूसुचित मतदाताको सहभागिता बढाइ बदर मत प्रतिशत घटाउन र सदर मत प्रतिशत बढाउन यस पटक मतदाता शिक्षा कार्यक्रमलाई घनिभूतरुपमा अघि बढाउने भएको छ ।

आयोगले स्वास्थ्य स्वयंसेविका परिचालन गरी निर्वाचनका लागि तयार गरिएको पम्प्लेट र पोष्टरलगायत सामग्री मतदाताको घर-दैलोमै पुऱ्याएर मतदाता शिक्षा प्रदान गर्ने तयारी गरेको छ । निर्वाचनका लागि तयार गरिएका त्यस्ता पम्प्लेट र पोष्टर सबै जिल्लामा पठाइसकेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो ।

मतदातालाई मतदानका लागि तयारी अवस्थामा राख्न निर्वाचन व्यवस्थापन गर्ने निकायद्वारा सञ्चालन गरिने शिक्षालाई मतदाता शिक्षा भनिन्छ । मतदातालाई लक्ष्य गरी मतदानमा तिनको अधिक सहभागिताका लागि शिक्षा प्रदान गरिने उद्देश्य रहेको यस कार्यक्रमले मतदान गर्ने सही तरिका र मतदानको महत्वबारे बोध गराउँछ । छापा माध्यम, रेडियो, टेलिभिजन, घरदैलोलगायत आम पहुँचयोग्य सञ्चारमाध्यमबाट पनि सबै मतदाता समेटिने गरी बृहत्‌रुपमा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिने भएको छ ।

आगामी निर्वाचनका लागि यस पटक १८ भाषामा तयार गरिएको सामाग्रीलाई केन्द्रीयस्तरबाट प्रचार प्रसार गरिने भएको छ । आयोगले यही कातिक १८ गतेदेखि मङ्सिर १ गतेसम्म प्रभावकारीरुपमा मतदाता शिक्षा कार्यक्रम अघि बढाउन लागेको हो । मतदाताको सहभागिता अधिक बृद्धि गराउन, सदर मतप्रतिशत बढाउन तथा हर तवरले सूसूचित मतदाता तयार गर्ने उद्देश्यले मतदाता शिक्षा सञ्चालन गर्न लागिएको हो ।

विगतका निर्वाचनदेखि नै यस कार्यक्रममा स्वास्थ्य स्वयम्‌सेवीकाको योगदान महत्वपूर्ण रहँदै आएको थियो । यस पटक पनि स्थानीय तहले उहाँहरुलाई नै न्यूनतम १० हजार भत्ता उपलब्ध गराउन आयोगले निर्देशन दिइसकेको छ ।

स्वास्थ्य स्वयंसेवीले प्रत्येक वडाका बस्तीमा पुगेर मतदाता शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइएको छ । मतपत्रमा कसरी छाप लगाउने भनी जानकारी दिने र आफूले चाहेको उम्मेदवारलाई दिएको मत बदर नहुने गरी स्वस्तिक छाप लगाई मतपेटिकामा खसाल्ने विषय मुख्यरुपमा मतदाता शिक्षासँग जोडिएको छ । यस कार्यक्रमबाट मतदानमा सहभागी हुन प्रेरणा प्रदान गर्न, निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय तथा मितव्ययी बनाउन, सुसूचित मतदाता तयार गर्न, अर्थपूर्ण सहभागिता जनाउन, बदरमत न्यूनीकरण गर्न, अमूल्य मतको महत्व बुझाउन र योग्य प्रतिनिधि चयन गर्न सहयोग मिल्ने अपेक्षा गरिएको छ ।

आगामी प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि एक करोड, ७९ लाख ८८ हजार पाँच ७० मतदाता सूचिकृत छन् । प्रतिनिधिसभा सदस्य २७५ र प्रदेशसभा सदस्य ५५० सिटका लागि निर्वाचन हुन लागेको हो । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ प्रतिनिधिसभा सदस्यमा १६५ र प्रदेशसभा सदस्यमा ३३० तथा समानुपातिक निर्वाचन प्रणालीतर्फ प्रतिनिधिसभा सदस्य ११० र प्रदेशसभा सदस्यमा २२० सदस्यका लागि बालिग मताधिकारका आधारमा निर्वाचन हुन लागेको छ ।

सह-प्रवक्ता सूर्यप्रसाद अर्याल भन्नुहुन्छ, ''प्रत्येक मतदातालाई किन मतदान गर्दैछु, मतको मूल्य कस्तो हुन्छ, कस्तो प्रतिनिधि चयन गर्नुपर्छ, त्यसले लोकतन्त्रको सुदृढीकरणका लागि कस्तो फरक पार्छ भनी अर्थपूर्ण र गुणस्तरीय मतदाता तयार गर्ने उद्देश्यले मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिन लागिएको छ ।''

विसं २०७४ मा एक करोड ५४ लाख २७ हजार नौ सय ३८ मतदाता रहेकामा एक करोड पाँच लाख ९४ हजार ४४ अर्थात ६८दशमलव६७ प्रतिशत मतदान भएको थियो । उक्त मतदानमा एक करोड ४५ हजार चार सय ७४ अर्थात ९४दशमलव८२ मत सदर भएकामा पाँच लाख ४८ हजार पाँच सय ७० अर्थात पाँच दशमलव१८ प्रतिशत मत बदर भएको थियो ।

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, विश्वासनीय र मितव्ययी तुल्याउन त्यस्ता मतदाताको महत्वपूर्ण भूमिका हुन्छ । उहाँ भन्नुहुन्छ, "सूसुचित मतदाताले नै निर्वाचन आचारसहितालाई कहाँ, कसले, कसरी पालना वा उलङ्घन गऱ्यो भनी बुझ्ने र मूल्याङ्कन गर्ने काम गर्छ ।"

पछिल्लो समय आयोगले निरन्तर शिक्षाका रुपमा मतदातालाई सूसुचित तुल्याउन मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्दै आएको छ । निर्वाचनका माध्यमद्वारा देशमा लोकतान्त्रिक संस्था सबल हुने, जनताको आवाज मुखरित हुने र नागरिकले राजनीतिक छनोटको अधिकार पाउने हुनाले निर्वाचनलाई लोकतन्त्रको मेरुदण्डका रुपमा लिने गरिन्छ । मुलुकको निर्वाचनसँग जोडिएका सरोकारवालासँगको छलफल, परामर्श, समीक्षा र अन्तर्क्रियामा प्राप्त सुझाव र पृष्टपोषणका आधारमा आयोगले आसन्न निर्वाचनलाई लक्ष्य गरेर विभिन्न नीति तथा रणनीति बनाएर मतदाता शिक्षा कार्यक्रम तयार गरेको हो । आयोगले यस पटकको निर्वाचनमा केही सुधार परिमार्जनका साथै केही नवीन मतदाता शिक्षा कार्यक्रम पनि बनाएको छ ।

निर्वाचनको तयारीका लागि आयोगले तीव्र गतिमा तयारी गरिरेहको छ भने राजनीतिक दल पनि आफ्ना चुनावी एजेण्डा लिएर जनताको घरदैलोमा प्रवेश गरिसकेका छन् । मौसमका हिसाबले वातावरण चिसो हुँदै गए पनि चुनावी राजनीतिक सरगर्मीले टोल, वडा, पालिका, निर्वाचन क्षेत्र, जिल्ला, प्रदेश र समग्रमा देशकै माहोल तातेको छ ।

राजनीतिक सरगर्मी बढेसँगै राजनीतिक दल र उम्मेदवारबाट आचारसंहिता उलङ्घनका घटना सुनिन थालेका छन् । आयोगले त्यस्ता गतिविधिबारे के कसो भएको हो भन्नेबारेमा स्पष्टिकरण सोध्ने र जानकारी लिने काम निरन्तररुपमा गरिरहेको छ । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले भन्नुभयो,"दल वा उम्मेदवारले आचारसंहिता बाहिर गएर गरिएका गतिविधिबारे अनविज्ञता प्रकट गर्न मिल्दैन । आचारसंहिताविपरीत गरिएका गतिविधिलाई रोक्न तत् तत् उम्मेदवार र दल अग्रसर हुनैपर्छ ।" (रासस)

राजविराज दैनिकबाट

# कांग्रेस घोषणापत्रः सातै प्रदेशमा सङ्ग्रहालय स्थापना

**काठमाडौँ**/नेपाली कांग्रेसले सबै जातजातिको कला, संस्कृति, वेषभूषा एवं जातीय पहिचान झल्कने गरी सातवटै प्रदेशमा सांस्कृतिक सङ्ग्रहालय स्थापनालाई प्राथमिकतामा राखेको छ ।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा एवं प्रदेशसभा निर्वाचनका लागि सङ्कल्पपत्र सार्वजनिक गर्दै कांग्रेसले विभिन्न जातजाति, समुदाय र भूगोलको भाषा, साहित्य, कला, संस्कृति, सङ्गीत एवं इतिहास झल्कने कम्तीमा प्रदेशस्तरीय एक सङ्ग्रहालय स्थापना गरिने प्रतिबद्धता जनाइएको छ । कांग्रेसले शनिबार सार्वजनिक गरेको घोषणापत्रमा नेपालका सबै जातजातिका भाषामा पठनपाठनको व्यवस्था गरिने उल्लेख छ ।

सातै प्रदेशमा भाषा, साहित्य, कला, संस्कृति, सङ्गीत, चलचित्र, नाटक प्रदर्शनका लागि प्रेक्षालयको स्थापना गरिने बाचा पार्टीले गरेको छ । राज्यको लगानी वृद्धि गर्दै स्रष्टा सर्जकको वृत्ति विकास र क्षमता अभिवृद्धि गरिने भएको छ । स्रष्टा, सर्जक र कलाकारलाई सम्मान, पुरस्कार र संरक्षणको व्यवस्था गरिने पनि सङ्कल्पपत्रमा उल्लेख गरिएको छ ।

'कला र संस्कृतिको उन्नयनः समुन्नत नेपालको पहिचान' नाराका साथ कांग्रेसले नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानलगायत देशका महत्वपूर्ण प्राज्ञिक संस्थालाई प्रभावकारी बनाउन पर्याप्त बजेट विनियोजन गर्ने घोषणा गरेको छ । विद्यालय तहदेखि विश्वविद्यालयसम्मका पाठ्यक्रममा नेपाली साहित्य, कला, संस्कृति, इतिहास एवं ज्ञान विज्ञानका विषयवस्तु समाहित गरी समयसापेक्ष परिमार्जन गर्ने कांग्रेसले जनाएको छ ।

नेपाली चलचित्र र सम्बन्धित क्षेत्रलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत राखी नियमनकारी संस्थालाई राष्ट्रिय चलचित्र आयोगको स्वरूपमा रुपान्तरण गरी पूर्ण स्वायत्त बनाइने भएको छ । स्रष्टा सर्जकको प्रतिलिपि अधिकारलाई कानुनीरूपमा थप मजबुत बनाउँदै पूर्णरूपमा कार्यान्वयन गराउन काम गर्ने कांग्रेसको प्रतिबद्धता छ ।

लोपोन्मुख लोकसङ्गीत सम्पदाको संरक्षणका लागि प्रभावकारी कार्यक्रम तर्जुमा गरिने भएको छ । नेपाली भाषा, साहित्य, कला, संस्कृति, चलचित्र, हस्तकला, मूर्तिकला, काष्ठकला तथा वास्तुकलाका कुनै पनि सामग्री सूचना र रचना नेपाल बाहिर निर्यात गर्दा अर्को राष्ट्रसँग समानताका आधारमा गरिनुका साथै कर छुटको व्यवस्था गरिने भएको छ ।

नाफामूलक व्यावसायिक एवं वित्तीय संस्थाले खर्च गर्दै आएको सामाजिक उत्तरदायित्वअन्तर्गतको उल्लेख्य अंश भाषा, साहित्य, कला र संस्कृतिका क्षेत्रमा खर्च गर्ने नियम ल्याउने कांग्रेसको प्रतिबद्धता छ । सर्वाङ्गीणको विकासको अवधारणामा भौतिक विकासदेखि सांस्कृतिक वैभव र पहिचानसम्मको वृहत्तर अवधारणा समावेश गरिएको पार्टीका महामन्त्री विश्वप्रकाश शर्माको नेतृत्वको घोषणापत्र निर्माण उपसमितिले उल्लेख गरेको छ ।







# मधेस प्रदेशको लगातार दोस्रो जित



**काठमाडौं**/लुम्बिनी प्रदेशलाई ९२ रनले पराजित गर्दै जारी प्रधानमन्त्री कप एकदिवसीय क्रिकेट प्रतियोगितामा मधेस प्रदेशले लगातार दोस्रो जित निकालेको छ ।

शनिबार मुलपानी क्रिकेट मैदानमा प्राप्त दोस्रो जितसँगै मधेसको सेमिफाइनल सम्भावना बलियो बनेको छ ।

मधेस प्रदेशले प्रस्तुत गरेको दुई सय ६० रनको लक्ष्य पछ्याएको लुम्बिनी ४९.१ ओभरमा सबै विकेट गुमाउँदै एक सय ६७ रनमा समेटिएको थियो ।

लुम्बिनीका विशाल विक्रम केसीले सर्वाधिक ३४ रन बनाए । यसैगरि कृष्ण कार्कीले ३१, अनिल खरेलले २२, सन्दीप रजालीले २३ रनको योगदान गरेका थिए । अन्य ब्याटरले भने उल्लेख्य रन बनाउन सकेनन् ।

बलिङतर्फ मधेसका राजेश यादव र प्रदिप पासवानले सामान तीन अंक लिए । यसैगरी हरिशंकर शाहले दुई विकेट हात पारे ।

यस अघि टस हारेर ब्याटिङ गरेका मधेसले तीन खेलाडीको अर्धसतक मद्धतमा ४८.४ ओभरमा सबै विकेट गुमाउँदै दुई सय ५९ रन बनाएको थियो । ओपनर सन्तोष कार्कीले ६० बलमा पाँच चौका र तीन छक्का मदतमा ५० रन बनाए ।

प्लेअर अफ दि म्याच तथा कप्तान हरिशंकर शाहले ९० बलमा ७६ रन बनाए । अनिल शाहले ५० रनको योगदान गरे । मघेसले बलियो सुरुवात गर्दै पहिलो विकेटको लागि एक सय ३० रनको साझेदारी गरेको थियो ।

लुम्बिनीका कृष्ण कार्कीले सर्वाधिक तीन विकेट लिए । यसैगरी अनिल खरेलले दुई विकेट हात पारे ।

# अदालतबाट आश्वासन पाएपछि साह दम्पत्तिले अनसन तोडे



**राजविराज**/लामो समयदेखी अंश मुद्दामा न्याय नपाएको भन्दै आमरण अनसनमा बसेका साह दम्पत्तिले शुक्रबार अनसन तोडेका छन्।

अदालतको आदेश कार्यान्वयन तथा न्याय सम्पादन कार्य छिटो छरितो गर्न माग गर्दै दुई दिनदेखी अनसनमा बसेका राजविराज ४ निवासी दिनेश प्रसाद साह र उनकी पत्नी गौरीले अनसन तोडेका हुन्।

सप्तरी जिल्ला अदालतबाट अंश मुद्दामा भएको फैसला कार्यान्वयन हुन नपाउँदै विपक्षि सहोदर दाजु उमेश प्रसाद साहले उच्च अदालत जनकपुर राजविराज इजलाशमा रिट निवेदन दिई न्याय प्रक्रिया लम्ब्याउन खोजेको र आफूहरुलाई अनावश्यक दुःख दिएको भन्दै दुई दिनदेखी अदालतकै अगाडी आमरण अनसनमा बसेका थिए।

सप्तरी जिल्ला अदालतबाट वादी दिनेश प्रसाद साह बिरुद्ध उनका दाजु उमेश प्रसाद साह भएको २०६३ सालको अंश मुद्दामा २०६४ साल मंसिर २५ गते दुबै दाजु भाईलाई ४/४ धुर जग्गा हुने गरि फैसला भएपनि सो फैसला अझै कार्यान्वयन हुन नसकेको साह दम्पत्तिको भनाई छ।

उच्च अदालत जनकपुर राजविराज इजलाशका शाखा अधिकृत लक्ष्मिकान्त झाले उनीहरुलाई जुस खुवाएर अनसन तोडाएका हुन्। न्यायधिश र सम्बद्ध फाँटका कर्मचारीहरुको बैठकपछि आगामी बिहीबार उक्त मुद्दाको टुङ्गो लगाउने आश्वासन पाएपछि अनसन तोडिएको साह दम्पत्तिले बताएका छन्।

सो अवसरमा शाखा अधिकृत झाले आवश्यक प्रक्रिया पुरा गरि साह दम्पत्तिको मुद्दा प्राथमिकताका साथ हेरिने र छिट्टै न्याय निरुपन गर्ने सहमति भएकाले आमरन अनसन जस्तो कठोर आन्दोलनको आवश्यकता नरहेको प्रक्रिया दिए।

यस अघि गत असोज ६ गते पहिलो पटक अनसनमा बसेका साह दम्पत्तिलाई उच्च अदालतका न्यायाधिशहरुले आउँदो असोज २७ गते हुने पेशीमा न्याय पाउने विश्वास दिलाएपछि सोही दिन साँझ अनसन तोडिएको थियो। तर आश्वासन अनुसार अदालतबाट न्यायनिरुपन प्रक्रिया अघि नबढेको भन्दै साह दम्पत्ति पुनः दोश्रो पल्ट अनसनमा बसेका थिए।

# सडक जिर्णोदारको माग गर्दै प्रदर्शन



**राजविराज**/पटक पटक आश्वासन पाएपनि लामो समय देखि जिर्ण रहेको सडक जिर्णोद्वार गर्न माग गर्दै मंगलवार स्थानिय युवाहरुले राजविराजमा सडक अवरुद्ध गर्दै प्रर्दशन गरेका छन्।

राजविराजस्थित नेता चौकदेखी पश्चिम सिरहा रोडको राममन्दिर सम्मको सडक जिर्णोद्वारको माग गर्दै सडक अवरुद्ध गरी नेता चौकमा प्रर्दशन गरेका हुन्।

स्थानीय प्रशासनले उक्त सडक निर्माणको जिम्मा लिएको कान्छाराम कन्ट्रक्शनका प्रतिनीधीलाई झिकाई अविलम्ब काम सुचारु गराउने प्रतिबद्धता जनाएपछी २ घण्टा पश्चात् चक्काजाम स्थगित गरिएको थियो।

नगरको मुख्य बजार क्षेत्रमा रहेको उक्त सडक वर्षौदेखि जीर्ण रहेको र यस तर्फ पटक/पटक नगरका जनप्रतिनीधी, सम्वन्धित निर्माण कम्पनी र स्थानीय प्रशासनको ध्यानाकर्षण गराउदा पनि कुनै चासो नदेखाएकाले बाध्यभई चक्काजाममा उत्रिनु परेको स्थानीय युवाहरुले बताएका छन्।

यस अघि गत भदौ २५ गते पनि युवाहरुले सो सडक खण्डको मरमत सम्भारको माग गर्दै ३ घण्टा चक्काजाम गरेका थिए। प्रर्दशनकारीहरुले यस पल्ट पनि आश्वासन पुरा नभए अनिश्चितकालिन चक्काजाम गर्ने चेतावनी दिएका छन्।

# मिटरब्याजी साहलाई पक्राउ गर्न माग गर्दै १९ औं पटक प्रदर्शन




**राजविराज**/सप्तरीको खडक नगरपालिका ७ कल्याणपुरका ६५ वर्षिय मिटरब्याजी रामदेव साहलाई पक्राउ गर्न माग गर्दै पीडितहरुले १९ औं पटक प्रदर्शन गरेका छन्।

मिटर ब्याजी साहलाई पक्राउ गर्न माग गर्दै गाउँ गाउँबाट आएका मिटर ब्याजी साह र उनका परिवारबाट पीडितहरु मंगलबार राजविराजमा स्थानिय शिव मन्दिर प्राङ्गणमा भेला भई प्रदर्शन गरेका हुन्।

मिटर ब्याजी साहलाई प्रहरीले हालसम्म पक्राउ गर्न नसकेकाले विरोध प्रदर्शनमा उत्रेको साह परिवारको मिटर ब्याजबाट पीडितहरुद्वारा गठन गरिएको संघर्ष समितिका संयोजक मो. तैयब अलीले बताए। आफूहरुलाई घरबार बिहीन बनाउने साहलाई प्रहरीले अझ फेला पार्न नसकेकोले न्याय पाउन नसकेको प्रदर्शनमा सहभागि ललितादेवी मण्डलले सुनाइन्।

सप्तरीका एक दर्जन भन्दा बढी पीडितहरुले साहुकार रामदेव साहसहित उनको परिवारका सदस्यमाथी ६ महिनाअघि नै प्रहरीमा उजुरी दिएका थिए। प्रहरीले रामदेवका छोरा नन्दकिशोर र छोरी अनुराधालाई पक्राउ गरेपनि रामदेव अझै फरार छन्।

ठगि तथा अपराधिक विश्वासघात मुद्दा अन्तरगत सप्तरी जिल्ला अदालतको आदेशले रामदेवका छोरा नन्दकिशोर र छोरी अनुराधा अहिले पुर्पक्षका लागि राजविराज कारागारमा छन्। रामदेवको खोजिकार्य भने जारि रहेको प्रहरीको भनाई छ।

प्रहरीका अनुसार पीडितहरुले दिएको निवेदनमा १ करोड १७ लाख ४२ हजार २ सय ५६ रुपैया साहुकार रामदेवसँग ऋण लिएको उल्लेख छ।

## अन्तर्राष्ट्रिय समाचार

### 'युक्रेन युद्ध कूटनीतिले मात्र अन्त्य गर्न सक्छ'

**संयुक्त राष्ट्रसङ्घ**/युक्रेन युद्ध वार्ता र कूटनीतिक माध्यमबाट मात्र अन्त्य गर्न सकिने विश्व नेताहरूले बताएका छन्। युद्धमैदानबाट कुनै पनि पक्ष विजयी नहुने पनि उनीहरूले बताएका छन्। नेल्सन मण्डेलाद्वारा स्थापित 'द एल्डर्स' भनेर चिनिने समूहसँग आबद्ध विश्वका प्रबुद्ध पूर्व नेताहरूले संवाद र कूटनीतिले विनाशकारी युक्रेन युद्धको अन्त्य गर्न सक्ने बताएका हुन्।

समूहले उक्त सन्देश युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीलाई दिएको तथा द्वन्द्वबाट बाहिर निस्कने उपायबारे विचार गर्न सुझाएको समूहका अध्यक्ष आयरल्याण्डका पूर्वराष्ट्रपति मेरी रोबिन्सनले बताउनुभएको छ। मानव अधिकारका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको रूपमा सेवा गरिसक्नु भएकी उहाँले दुवै पक्षमा सैन्य हतियार बढाउने होडबाजीको अन्त्य गर्न अपरिहार्य भएको बताउँदै त्यसमा विचार गर्न अनुरोध गरिएको एपीका वरिष्ठ अधिकारीलाई बताउनुभयो। समूहले युक्रेनमाथि रूसले गरेको आक्रमणलाई संयुक्त राष्ट्रङ्घको बडापत्रको स्पष्ट उल्लङ्घन, विश्व शान्ति र सुरक्षालाई अस्थिर बनाउने अनुचित कार्य भन्दै त्यसको निन्दा गरेको छ।

रूसको युक्रेनका चार क्षेत्रलाई अवैधरूपमा आफूमा विलय गरेकामा त्यसको पनि समूहले निन्दा गरेको छ। युक्रेनले आफ्नो क्षेत्र र सार्वभौमिकताको रक्षा गर्ने अधिकारको रक्षा गरेको समूहको ठहर छ। संयुक्त राष्ट्रसङ्घका पूर्व मानवअधिकार आयुक्त जेइद राद अल हुसेनले युद्धबाट बाहिर निस्कने कूटनीति र वार्ता नै एक मात्र उपाय भएको बताउँदै उहाँले रूसी आक्रमणको शिकार बनेको युक्रेनलाई आफ्नो सार्वभौमसत्ता त्याग भन्नसकिने परिस्थिति उत्पन्न भएको यथार्थ प्रस्तुत गर्नुभयो।

वर्तमान द्वन्द्वको समाधान 'अर्को दिशाबाट' हुनसक्ने सङ्केत गर्दै उहाँले पश्चिमा शक्तिहरू रूसप्रति केही नरम भएमा निकास निस्कनसक्ने बताउनुभयो। उत्तर एटलान्टिक सन्धि सङ्गठन (नाटो) तर्फ सङ्केत गर्दै उहाँले त्यसो भन्नुभएको हो। रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले पनि लामो समयदेखि पश्चिमी गठबन्धनले आफ्नो सिमाना नजिक युद्ध धकेलेको गुनासो गर्दै आएको सन्दर्भ जोड्दै उहाँले त्यसो भन्नुभएको हो।

मेक्सिकोका पूर्व राष्ट्रपति अर्नेस्टो जेडिलोले युरोपेली सङ्घ र संयुक्त राज्य अमेरिकाले रूसमाथि आर्थिक प्रतिबन्ध लगाए पनि युद्धका निम्ति वित्तीय सहायता जारी रहेको तथा उसले तेलबाट पनि राजस्वको ठूलो हिस्सा प्राप्त गरिरहेको बताउनुभयो। रूसले नरसंहार, युद्ध अपराध र मानवताविरुद्धको अपराध गरेको आरोप लगाउँदै उहाँले अन्तर्राष्ट्रिय फौजदारी अदालतबाट त्यसको छिनोफानो गर्नुपर्ने बताउनुभयो। एजेन्सी

### युक्रेनलाई सहयोग गर्न जी-७ समन्वय संयन्त्र स्थापना

**बर्लिन**/रुस-युक्रेन युद्धका कारण युक्रेनमा देखिएको ऊर्जा, पानीको सङ्कट समाधान गर्ने उद्देश्यले जी-७ राष्ट्रले संयन्त्र बनाउँने भएका छन्। अत्यन्त विकसित र औद्योगिक राष्ट्को समूहले युक्रेनमा देखिएको सङ्कट समाधान गर्न नयाँ तत्परता देखाएका छन्। "आज हामी युक्रेनमा देखिएको चरम ऊर्जा, पानी र पूर्वाधारको मर्मत, पुनर्स्थापना र रक्षा गर्न जी-७ समन्वय संयन्त्र स्थापना गर्दैछौं," जी-७ विदेश मन्त्रीद्वारा जारी विज्ञप्तिमा जनाइएको छ। यसैबीच जारी रुस-युक्रेनयुद्धमा मस्कोसँग इरानको गहिरो सैन्य पङ्क्तिबद्धता देखिएको र चीनको बढ्दो दृढ समर्थन आदिका बारेमा छलफल गर्न जर्मनीले पश्चिमी जर्मन शहर मुएन्स्टरमा दुई दिने बैठक आयोजना गरेको छ।

जी-७ का राष्ट्रले रुसलाई तत्काल युद्ध रोक्न र सैन्य सामग्री फिर्ता लिन आग्रह गरेका छन्। उनीहरूले रुसले पछिल्ला दिनमा ऊर्जा क्षेत्रलाई लक्षित गरेर इरान निर्मित ड्रोन र अन्य मिसाइल हतियार प्रयोग गरेर गरेको आक्रमणको कडा शब्दमा निन्दा गरेका छन्। रुसको पछिल्लो आक्रमणबाट करिब ४० प्रतिशत ऊर्जा क्षेत्र तहसनहस भएको र जनता लामो समयसम्म अन्धकारमा बस्नुपर्ने बाध्यता आएको छ। यसैबीच, युक्रेन र यसका पश्चिमी सहयोगीले इरानले रसियामा "कामिकाजे" ड्रोन, वा मानवरहित हवाई सवारी पठाएको आरोप लगाएका छन्। उनीहरूका अनुसार त्यसले युक्रेनी पूर्वाधारलाई लक्षित गर्ने हमलामा रूसी सेनाले विनाशकारी प्रभाव पार्न प्रयोग गरेको छ। यसैबीच, युक्रेन र यसका पश्चिमी सहयोगीले इरानले रसियामा "कामिकाजे" ड्रोन, वा मानवरहित हवाई सवारी पठाएको आरोप लगाएका छन्। उनीहरूका अनुसार त्यसले युक्रेनी पूर्वाधारलाई लक्षित गर्ने हमलामा रूसी सेनाले विनाशकारी प्रभाव पार्न प्रयोग गरेको छ।

"हामी मध्य पूर्व र वरपर इरानको निरन्तर अस्थिर गतिविधिको कडा निन्दा गर्छौं। यसमा ब्यालिस्टिक मिसाइलका साथै मानवरहित हवाई सवारी अर्थात् ड्रोन छन् जसको विस्तार र प्रभावले यस क्षेत्रमा अस्थिरता निम्त्याउँछ। चीनको बढ्दो समर्थन, प्रभावका सन्दर्भमा हामी चीनले विवादको शान्तिपूर्ण समाधानको लागि संयुक्त राष्ट्रसङ्घको बडापत्रको सिद्धान्त पालना गर्न र धम्की, जबरजस्ती, धम्की वा बल प्रयोगबाट टाढा रहनुपर्ने आवश्यकताको स्मरण गराउँछौं। हामी कुनै पनि एकतर्फी जबरजस्तिको विरोध गर्दछौं।" विज्ञप्तिमा भनिएको छ। जी-७ का राष्ट्र शान्ति स्थिरताको पक्षमा रहेको सबै विषय र क्षेत्रमा देखिएको विवादको शान्तिपूर्ण समाधानको पक्षमा रहेको विज्ञप्तिमा उल्लेख गरिएको छ। एजेन्सी

# संघीयताको सफल कार्यान्वयनका लागि गठबन्धनलाई सहयोग गर्न ठाकुरको आग्रह



**राजविराज**/सप्तरीको प्रतिनिधिसभा क्षेत्र नं. २ को सत्तारुढ गठबन्धनका साझा उम्मेदवार जयप्रकाश ठाकुले संघीयताको सफल कार्यान्वयनका लागि गठबन्धनलाई यसपटक जनताले जिताउनेमा विश्वस्त रहेको बताएका छन् ।

शनिबार विहान राजविराज नगरपालिका वडा ७ मा घरदैलो कार्यक्रमका क्रममा मतदाताहरु संग भेट्दै उनले जनताको गुनासो र समस्या समाधान गर्न आफू जुनसुकै बेला पनि तयार रहने बताएका हुन् ।

आफू निर्वाचित भएपछि यस क्षेत्रमा देखिएका समस्याहरुलाई समाधान गर्ने प्रतिवद्धता जनाएका उनले आफू जिते यस क्षेत्रको विकासका लागि मतदाता सामु जारि गरेको ३० बुँदे प्रतिबद्धता समेत पूर्ण रुपमा पालना गर्ने जनाए ।

विगतमा भन्दा यस वर्ष मतदाताहरुबाट आफूलाई राम्रो प्रतिक्रिया आइरहेको भन्दै नेता ठाकुरले विकासका काममा आफू सधै अगाडि रहने प्रतिवद्धता समेत व्यक्त गरे ।

संघीयता अनुसार तीन तहको सरकार व्यवस्थित हुन नसकेको भन्दै उनले लोकतान्त्रिक बाम गठबन्धनले संविधानको अक्षरशः कार्यान्वयन गर्ने बताए । नेता ठाकुरले सत्तारुढ पाँच दलीय गठबन्धन संविधानको रक्षा र राजनीतिक स्थिरताका लागि भएको बताए ।

सोही क्रममा सप्तरी २ (२) का प्रदेश सभा सदस्यका उम्मेदवार उमेश कुमार यादवले यो गठबन्धन चुनाव भरीको लागि मात्र नभई मंसिर ४ पछि पनि लामो समय सम्म कायम रहने दावी गरे । यो गठबन्धन संविधान रक्षाको लागि र संविधान बचाउनको लागि भएको उल्लेख गर्दै उनले भने, 'लोकतान्त्रिक बाम गठबन्धको उम्मेदवारहरुको पक्षमा मतदान गरी सहयोग गर्नुहोस् ।

# आन्दोलनहरुले ल्याएको उपलब्धी संस्थागतका लागि अझैं संघर्ष आवश्यक रहेको उपेन्द्र यादवको भनाई



**राजविराज**/जनता समाजवादी नेपालका अध्यक्ष उपेन्द्र यादवले मधेश विद्रोह लगायत अन्य विभिन्न आन्दोलनहरुले ल्याएको उपलब्धी संस्थागतका लागि अझैं संघर्षको आवश्यकतामा जोड दिएका छन् ।

शुक्रवार राजविराज नगरपालिका वडा नम्बर २ को राजदेवी टोलमा आयोजित चुनावी भेलालाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

'मधेश विद्रोह लगायत त्यसका पुरक आन्दोलनले मधेशीलाई अधिकार त दिलायो तर, अझैं पनि शासन प्रणालीको सुधार, समान अवसरको प्राप्ति र मधेशमा विकासको लागि संघर्षको आवश्यकता छ ।' उनले भने अवसरबाट वञ्चित समुदाय अघि बढ्न नसक्ने जिकिरका साथ उनले अहिले पनि आफु मधेशलाई आधारभूमी बनाएर हिमाल, पहाडमा रहेका उपेक्षित उत्पीडित, दलित, अल्पसंख्यकको अधिकारका लागि प्रयत्नशील रहेको बताए ।

सप्तरी क्षेत्र नम्बर २ बाट प्रतिनिधि सभा सदस्यका उम्मेदवार समेत रहेका यादवले संघीयता र गणतन्त्र जस्ता उपलब्धी हासिल भए पनि तराई मधेशमा जनसंख्याको अनुपातमा बजेट नदिईने गरेका कारण यहाँको विकास हुन नसकेको भन्दै ५३ प्रतिशत जनसंख्या भएको मधेशमा १८ प्रतिशत मात्र लगानी भईरहेको बताए ।

मुलुकमा सात प्रदेशहरुमध्ये पहिचानका आधारमा एक मात्र मधेश प्रदेश बन्नु आफुहरुको लागि गौरबको विषय रहेको उनको कथन थियो । सप्तरीमा शिक्षा र स्वास्थ्य क्षेत्र हबको रुपमा अघि बढेको बताउँदै अध्यक्ष यादवले रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान, इन्जिनियरिङ्ग कलेज, कृषि विश्व विद्यालय, नर्सिङ्ग कलेज लगायतको काम पुरा भएपछि जिल्लामा विकासले गति लिने दावी दोहर्‍याए ।

जिल्लामा रहेको औद्योगिक क्षेत्रको पूर्ण क्षमताका साथ सञ्चालन तथा औद्योगिक वातावरणका लागि भारतीय सिमावर्ती क्षेत्र न्यौरदेखि सप्तरीको राजविराज हुँदै गाईघाट सोलु जोड्ने सडक निर्माणको काम अगाडि बढिसकेको उनले जानकारी दिए ।

# ४४ राष्ट्रिय र तीनवटा अन्तर्राष्ट्रिय संस्थालाई निर्वाचनमा पर्यवेक्षण अनुमति

**काठमाडौं**/मंसिर ४ गते हुने प्रतिनिधि तथा प्रदेशसभाको निर्वाचनमा ४४ राष्ट्रिय र तीनवटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई निर्वाचन पर्यवेक्षण गर्न अनुमति दिइएको छ ।

निर्वाचन आयोगका सहायक प्रवक्ता कमल भट्टराईले कुनै पनि पक्ष र विपक्षमा नलाग्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई निर्वाचन पर्यवेक्षण गर्न अनुमति दिइएको जानकारी दिएका छन् ।

उनले देशभर स्वयम्सेवीका रूपमा खटिने करिब १० हजार पर्यवेक्षकले संस्थामार्फत उपलब्ध गराउने निर्वाचन पर्यवेक्षण प्रतिवेदनमा उल्लेख हुने सुझावलाई निर्वाचन आयोगले ग्रहण गर्ने बताए ।

यस्तै अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले सात सय ५० जनाभन्दा बढी निर्वाचन पर्यवेक्षक खटाउने भएको छ । इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतमले एक सय ६५ निर्वाचन क्षेत्रमा सात सय ५० जनाभन्दा बढी निर्वाचन पर्यवेक्षक खटाउने जानकारी दिए ।

# मैथिली भाषालाई सरकारी भाषाको रूपमा विकास गर्नुपर्नेमा जोड



**राजबिराज**/मैथिली भाषालाई सरकारी कामकाजको भाषाको रूपमा बिकास गर्नुपर्नेमा सहभागी वक्ताहरुले जोड दिएका छन ।

मैथिली साहित्य परिषदद्वारा शनिबार राजविराजमा आयोजित मैथिली भाषाको बिकासका लागि उम्मेदवारहरूको अवधारणा कार्यक्रममा सहभागीहरूले सो कुरामा जोड दिएका हुन् ।

कार्यक्रममा सप्तरी प्रतिनिधिसभा क्षेत्र नं. २ को (२) प्रदेशसभा उम्मेदवार लक्ष्मण यादबले आफु निर्वाचित भएमा मैथिली भाषाको बिकासका लागि मैथिली भाषालाई सरकारी कामकाजको भाषाको रूपमा बिकास गर्ने प्रतिबधता जनाए ।

सोही क्षेत्रका अर्का उम्मेदवार खेलानन्द दासले मैथिली भाषाको बिकास लागि भाषालाई सरकारी भाषाको रूपमा बिकास गर्नुपर्नेमा जोड दिए ।

त्यसैगरी उम्मेदवार महिदेव चौधरीले मैथिली भाषाको बिकासका बिधापतिको सम्झनामा प्रतिमा स्थापना गर्ने प्रतिबद्धता जनाए ।

त्यस्तै सोही क्षेत्रका उम्मेदवार प्रतिमा देवले मैथिली बिकासका लागि मैथिली पुस्तकालयको ब्यबस्थापन गरी संचालनमा ल्याउने बताईन ।

मैथिल साहित्य परिषद अध्यक्ष सतिश कुमार दत्तको अध्यक्षतामा आयोजित कार्यक्रममा नेपाल पत्रकार महासंघ सप्तरीका सभापति श्रवणकुमार देव, पुर्व अध्यक्ष बिष्णु मण्डल, मैथिल महिला परिषदकी पूर्व अध्यक्ष मिना ठाकुर, अन्तरा{ष्ट्रिय महिला परिषद महासचिव करूणा झा लगायतले मैथिली भाषाको बिकासका लागि सबै एकजुट हुनुपर्नेमा जोड दिएका थिए ।

विज्ञापन आचारसंहिताको पालना गरौं
- विज्ञापन कारोबार गर्ने विज्ञापन एजेन्सीहरु विज्ञापन बोर्डमा सूचीकरण गरौं।
- विज्ञापन बोर्डमा सूचीकरण भएका सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गरौं।
- विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीच त्रिपक्षीय सम्झौताको आधारमा कारोबार गरौं।
- विज्ञापन कारोबारमा विवाद भए विज्ञापन बोर्डमा उजुरी गरौं।

विज्ञापन प्रकाशन तथा प्रसारण गर्ने सञ्चारमाध्यमले २०७९ साल कार्तिक १८ गतेसम्ममा विज्ञापन बोर्डमा सूचीकरण गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*